प्रतिलिपि

श्री

उच्च अदालत पाटन

एक न्यायाधीशको इजलास

इजलास नं. ८

माननीय न्यायाधीश श्री डालकुमार खड्का

आदेश

निवेदन नं. ०८१-WO-०७४४

मारवाडी सेवा समिति नेपाल................................................................................ निवेदक

विरुद्ध

पशुपति क्षेत्र विकाश कोष समेत.................................................................................विपक्षी

विषयः- उत्प्रेषण।

प्रस्तुत निवेदनसहित मिसिल संलग्न कागजातहरु अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री शम्भु थापा, श्री बिनित कुमार झा, श्री रमेश कुमार बस्नेत र श्री हरिश्चन्द्र सुवेदी तथा विद्वान अधिवक्ताद्वय श्री हरिकुमार पोखरेल र श्री परशुराम कोइरालाले गर्नु भएको बहस समेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिम आदेश किन जारी हुन नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण भए सो को सबुद प्रमाण सहित यो म्याद सूचना पाएका मितिले बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परेपछि वा सोको अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नु।

साथै निवेदकले अन्तरिम आदेश माग गरेतर्फ विचार गर्दा, निवेदकले माग गरे बमोजिमको अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा दुवै पक्षको छलफल पछि निर्णयमा पुग्न उचित हुने हुँदा निवेदकले माग गरे बमोजिमको अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा छलफलको लागि मिति २०८१/०७/०५ गतेको पेशी तोकी सो को जानकारी विपक्षीहरुलाई दिनू। उक्त मिति २०८१/०७/०५ सम्म विपक्षी पशुपति क्षेत्र विकास कोष संचालक परिषदले मिति २०८१/०६/२० मा गरेको निर्णय नं २ र विपक्षी पशुपति क्षेत्र विकास कोष र काठमाण्डौं

Scanned with CamScanner

महानगरपालिकाबीच मिति २०८१/०६/२२ मा भएको सहमति कार्यान्वयन नगरी यथास्थितिमा राख्नु र निवेदकले पशुपति गौशाला धर्मशालामा गरि आएको काम कारबाही गर्नबाट निवेदकलाई रोक लगाउने गरी कुनै प्रकारको बाधा अवरोध श्रृजना नगर्नु नगराउनु भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम विपक्षीहरुको नाममा अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ। प्रस्तुत आदेशको जानकारी विपक्षीहरुलाई दिनू।

न्यायाधीश

इति सम्वत् २०८१ साल कार्तिक महिना ०२ गते रोज ०६ शुभम् ........................................।

Scanned with CamScanner

# श्री उच्च अदालत पाटनमा चढाएको

## निवेदन-पत्र

विषय : अन्तरिम आदेश सहितको उत्प्रेषणयुक्त प्रतिषेध, परमादेश लगायत जो चाहिने उपयूक्त आज्ञा, आदेश वा पूर्जी जारी गरी पाउँ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंमा द.नं. १०/०४५-४६, दर्ता मिति २०४५।९।३० मा दर्ता भई का.जि.का.म.न.पा. वडा नं. २२ फसिकेवमा मुख्य कार्यालय रहेको मारवाडी सेवा समिति नेपालको अख्तियारप्राप्त महासचिव का.जि.का.म.न. पा. वडा नं. १४ बस्ने बर्ष ५४ को धर्मेन्द्र अग्रवाल ------१ निवेदक
ऐ मारवाडी सेवा समिति नेपाल फसिकेवद्वारा संचालन भई रहेको का.जि.का.म.न.पा. वडा नं. ८ गौशाला स्थित पशुपति गौशाला धर्मशालाको अख्तियारप्राप्त उपाध्यक्ष का.जि.का.म.न.पा. वडा नं. ९.बस्ने बर्ष ५७ को देवानन्द सरावगी -१ समेत जना २ को वारेश का.जि.का.म.न.पा. वडा नं. २९ बस्ने बर्ष ४५ को अधिवक्ता सुजन बस्नेतं ---१

## विरुद्ध

१ का.जि.का.म.न.पा. वडा नं. ८ देवपत्तन स्थित, पशुपतिक्षेत्र बिकाश कोष --१
२. ऐ स्थित, पशुपतिक्षेत्र बिकाश कोषको संचालक परिषद, -----------------१
३. ऐ स्थित पशुपतिक्षेत्र बिकाश कोषका संचालक परिषद अध्यक्ष ------------१
४ ऐ स्थित पशुपतिक्षेत्र बिकाश कोषका सदस्य सचिव --------------------१
५ ऐ स्थित पशुपतिक्षेत्र बिकाश कोषका कार्यकारी निर्देशक ----------------१
६ श्री प्रमूख प्रशासकिय अधिकृत, काठमाण्डौ महानगरपालिका, काठमाण्डौ प्लाजा कमलादी काठमाण्डौ ------------------------------------------१ विपक्षी
७ काठमाण्डौ महानगरपालिकाको कार्यालय, काठमाण्डौ प्लाजा कमलादी काठमाण्डौ -------------------------------------------------१
८ महानगर प्रहरी बल बागदरवार, सुनधारा काठमाण्डौ -------------------१
९ महानगरनगर नगर प्रहरी प्रमुख, बागदरवार सुनधारा, काठमाण्डौ ---------१

१० काठमाण्डौ महानगरपालिका वडा नं. ८ को कार्यालय गौशाला काठमाण्डौ -१
११ श्री पशुपतिनाथ अमालकोट कचहरी, जयबागेश्वरी, काठमाण्डौ -----------१

**मुद्दा :- उत्प्रेषणयुक्त प्रतिषेध, परमादेश समेत ।**

हामी निवेदक उच्च अदालत नियमावली २०७३ को नियम ३५(२) बमोजिम निवेदन वापत लाग्ने दस्तुर रु. ५००।- तिरेको निस्सा यसैसाथ संलग्न राखी न्याय प्रशासन ऐन २०७३ को दफा ८(३)(क), मुलुकी देवानी संहिता २०७४ को दफा ७, ४२(७), मुलुकी देवानी कार्यबिधि संहिता २०७४ को दफा ९३, २०५(१) नेपालको संबिधानको धारा १७(२),(घ),(ङ), धारा २०(८),(९), धरा २५, धारा २६, धारा ४६, धारा १४४(१),(२), संस्था दर्ता ऐन २०३४ को दफा ४, ५, स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११(१), उच्च अदालत नियमावली २०७३ को नियम ४१(१) को खण्ड (क),(ख),(ग),(ङ),(च), ऐ नियम ४२ समेतका आधारमा निम्नानुसारको निवेदन-पत्र प्रस्तुत गर्दछौं :-

(१) बस्तुतः नेपालका मारवाडी समुदायले बि.स. १९९० सालको बिनाशकारी महा भुकम्पमा प्रभावित भएका मानिस तथा संघ संस्थालाई तत्काल राहत दिएको, उद्धार गरेको र पुनःस्थापना कार्यमा सहयोग पुर्याएको हुनाले तत्कालिन प्रधानमन्त्रि श्री ३ जुद्ध शम्शेर ज.ब.रा. ले यस समुदाय (मारवाडी समुदाय) बाट निःस्वार्थ रुपमा सनातन, धार्मिक तथा सामाजिक सेवाको कार्य गर्न सक्ने कुरालाई महसुस गरी मारवाडी समुदायका अग्रज रामकुमार मारवाडी समेतलाई आराध्यदेव भगवान श्री पशुपतिनाथ मन्दिर नजिकै गाई, साँडे एवं दुध कटुवा नन्दीको संरक्षण गर्न र भक्तजन तथा तिर्थालुहरुको खानपिन र बसोवास एवं दर्शनको निम्ती आवश्यक पुजा सामग्रीको प्रवन्ध गर्न गौशालामा जग्गा उपलब्ध गराउनु भएको रहेछ । त्यसपछि, मारवाडी समुदायका अग्रजहरुले उक्त स्थानमा गाई गोठ एवं धर्मशालाको निर्माण गरी संचालन गरी आएकोले पछि यस ठाउको नाम नै गौशाला रहन गएको रहेछ । गौशालाको उदघाटन बि.सं १९९९ साल बैशाख २२ गते भएकको कुरा बैशाख २६ गतेको गोरखापत्रमा प्रकाशित भएको रहेछ ।

(२) सामाजिक सेवाका कार्यहरुलाई सूचारु रुपले संचालन गर्न गराउन एवं प्राणी मात्रको सेवालाई परम धर्म मान्ने सिद्धान्तलाई आत्मसाथ गरी स्व. श्री ५ त्रिभुवन बीरबिक्रम शाहदेवको असिम निगाह पूर्वक बक्स भएको संन्देशलाई हृदयंगम गरी हाम्रा पुर्वज मारवाडी समाजका लब्ध प्रतिष्ठित व्यक्तित्वहरुले बि.सं. २०१० सालमा मारवाडी सेवा समिति नेपालको स्थापना गरी संचालन गरी आएको पाईन्छ । मारवाडी सेवा समिति नेपालले बिभिन्न परोपकारी तथा धार्मिक कार्यहरु गरी नेपाल र नेपालीको सेवा गर्दै आएको छ । यस संस्थाको दर्ता चाँहि जिल्ला प्रशासन कार्यालय काठमाण्डौले द.नं. १०/०४५-४६, मिति २०४५।९।३० मा गरेको थियो । यो संस्था गैर नाफा मूलक, गैर राजनितिक, बिशुद्ध परोपकारी सामाजिक संस्था हो । सहयोगी व्यक्तिहरुले दिएको दान, चन्दा, सहयोगबाट यो संस्थाको संचालन भई रहेको व्यहोरा अनुरोध छ ।



Scanned with CamScanner

(३) माथि प्रकरण नं. १ मा उल्लेखित श्री ३ बाट बँक्स भएको जग्गा २०२१ सालमा सर्भे नापी हुँदा साविक पशुपति गा.पं. वडा नं. २क को परिवर्तित का.न.पं. वडा नं. ८, कि.नं. ८३, क्षे.फ. ४-१५-२ (चार रोपनी पन्द्र आना दुई पैसा), ऐ कि.नं. ८५, क्षे.फ. ४-१०-० (चार रोपनी दश आना) कायम भएको छ । बि.स. २०२१ सालको सर्भे नापीको फिल्डबुकको मोहीको महलमा गौशाला र जग्गाधनी महल खाली रहेको । सो पछि गुठी अधिनस्थ लेखी नि.नं. ४६२ बाट गुठी संस्थान अन्तरगा रहेको र मिति २०४६।१।१८ मा मात्र पशुपतिक्षेत्र बिकाश कोष अन्तरगत ल्याएको देखिन्छ । उक्त जग्गाको जग्गाधनी पशुपतिनाथ अमालकोट कचहरी गुडी र दर्तावाला मोहीमा माहीको लगत नं ८३७ को मोही श्री पशुपति गौशाला धर्मशाला रहेको छ । उक्त जग्गाको बाली मिति २०६८।११।३ सम्म (क्र.सं. ८८८, रसिद नं. २०९८९, मिति २०६८।११।३ सम्म रु ८,३८५.०५) श्री पशुपतिनाथ अमालकोट कचहरीले नगदै बुझ्दै आएको थियो, प्रमाणको लागि रसिदको फोटोकपी यसैसाथ संलग्न छ । त्यसपछि आ.व. ०६८/०७९ देखि आ.व. ०८१/०८२ सम्मको बाली बिपक्षीले बुझ्न नमानेकोले बैंक मार्फत बिपक्षीको खातामा जम्मा गर्दै आएका छौं । सो को भौचर यसैसाथ संलग्न छ । उक्त कि.नं. ८३ र ८५ को जग्गा हालसाविक हुँदा नयाँ नापीमा नगर ८, सिट नं. १०६७-२१, कि.नं. १५ र १६ कायम भएको छ ।

(४) उक्त जग्गामा बि.सं. २०३८ सालमा तत्कालिन अञ्चलाधिश कार्यालय बागमती अंचलको निर्देशनमा सेवा समितिले पशुपतिनाथ अमालकोट कचहरीको भवन जिर्णोदार गर्न रु १,२६,२५०।- चन्दा दिएको र उक्त कार्यालयको स्वीकृतिले निवेदकले गौशाला र धर्मशाला भवन निर्माण एवं जिर्णोदार गरेको थियो । बि.सं. १९९७ साल देखि २०३८ साल सम्ममा पटक पटक भवन बनाईएको थियो । २०३८ साल पछि ततपश्चात, बिपक्षी साविक काठमाण्डौ नगरपालिकाले च.नं. १९७, मिति २०५४।१०।२३ मा नक्सा शाखालाई आराध्यदेव भगवान पशुपतिनाथको वहान साँडे र सम्पूर्ण हिन्दुहरुले मानि आएको गौ माता तथा लुला लंगडा गाईहरुको आवस्यक सेवा सुसार पुर्याउदै राम्रो व्यवस्थापनको साथ आवस्यक गाईहरुको व्यवस्था गरी श्री ३ जुद्ध शमशेरका पाला देखि गौशाला चलाउदै आई रहेको बिशुद्ध सामाजिक संस्था भएकाले त्यस कार्यालयले लिने शुल्कहरु समेत नियमानुसार मिनाह गरी आवस्यक मर्मत तथा तला थप्नको लागि स्वीकृति दिन हुन सिफारिस गरेको थियो । त्यसपछि, बिपक्षी काठमाण्डौ महानगरपालिकाले धर्मशाला भवन निर्माण गर्न मिति २०५५।४।१४ मा नक्सा पास प्रमाण पत्र दिएको थियो । ततपश्चात, मारवाडी समुदायका चन्दा दाता एवं अन्य समुदायका बिभिन्न व्यक्ति संघ संस्थाको आर्थिक एवं भौतिक सहयोगबाट पशुपति गौशाला धर्मशालाको नक्सा पास गरी थप नयाँ भवन निर्माण तथा मर्मत संभार गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

(५) संस्थाको उद्येश्य अनुरुप मानव सेवा हेतू श्री पशुपति गौशाला धर्मशालामा बस्न आउने तिर्थालु तथा भक्तजनहरुलाई रु ४००।- देखि रु ८००।- सम्ममा एक रात बास बस्न र रु १२०।- मा १ छाक साहकारी खाना खुवाउने प्रवन्ध गरिएको छ । प्रत्येक शनिवार



Scanned with CamScanner

५०० देखि ७०० जना असहाय व्यक्तिहरुलाई निःशुल्क खाना खुवाई आएका छौं । पशुपति गौशाला धर्मशाला परिषरमा करीव १२ करोडको लागतमा ३० बेडको सुविधा सम्पन्न Hemo Dialysis सेवा स्थापना गरी राष्ट्रिय मृगौला उपचार केन्द्रका वरिष्ट मृगौला रोग बिशेषज्ञ डा. ऋषि कुमार काफ्ले ज्युको सल्लाह, सुझाव, मार्गदर्शनमा संचालन भई रहेको छ । यसमा दैनिक १२० जना बिरामीहरुलाई निःशुल्क सेवा प्रदान गर्न सक्ने पुर्वाधार निर्माण गरिएको छ । गौशाला धर्मशालाले अपांगहरुलाई निःशुल्क कृतिम खुट्टा, होमियोपेथिक स्वस्थ्य परिक्षण र औषधि समेत उपलब्ध गराउदै आएको छ । गौशालामा पालिएका गाईको प्रतिदिन २९ लिटर दुध भगवान पशुपतिनाथको अभिषेकको लागि मन्दिर व्यवस्थापकलाई उपलब्ध गराउदै आएको छ । पशुपति गौशालामा करीव २५० वटा गाई र नन्दीको पालन पोषण, औषधि उपचार गरिदै आएको छ । पशुपतिनाथको मन्दिर परिषरमा हुने बिभिन्न जात्रा एवं पर्वमा आउने तिर्थालु तथा भक्तालुहरुलाई खानपिनको व्यवस्था गरेको, स्वास्थ्य जाँच र शुद्ध पिउने पानी बितरण गरिदै आएको छ । साथै बेवारिसे तथा असमर्थहरुको लागि निःशुल्क शवदाहको व्यवस्था पनि गरी आएको छ । साथ साथै, यसले मृतकको लागि शव वहान सेवा पनि प्रदान गर्दै आएको व्यहोरा अनुरोध छ ।

(६) मिति २०६०।२।१२ मा पशुपतिनाथ अमालकोट कचहरी र निवेदकको बीचमा उक्त कि.नं. ८३ र ८५ को जग्गामा निर्मित पशुपति गौशाला धर्मशालाको संचालन सम्वन्धमा सम्झौता भएको थियो । उक्त सम्झौता पत्रको पृष्ठभूमीमा बिभिन्न श्रद्धालु भक्तजनहरुको सहयोगमा नेपाली मारवाडीहरुले बि.सं. १९९७ साल देखि गौशाला संचालन गरि आएको क्रममा धेरै अघि देखि द्वितिय पक्ष अन्तरगत रहनु भएको एक संचालक समितिले गौशाला धर्मशालाका नामबाट गौशाला धर्मशाला संचालन गरि आएको, सो गौशाला धर्मशाला कानून बमोजिम दर्ता भएको संस्था नभएकोले बिभिन्न कानूनी जटिलता उठन सक्ने हुँदा जो अन्तरगत संचालन भएको छ, सोहि बैधानिक संस्थासंग सम्झौता गरी गौशाला धर्मशाला संचालन हुँदा कुनै पनि कानूनी जटिलता समाधान गर्न सरल भई गौशाला धर्मशालाको संरक्षण, सदुपयोग र संचालन समेत बैधानिक हुने भएकोले गौशाला धर्मशालाका बर्तमान संचालकहरुलाई समेत साँक्षी राखी गौशाला धर्मशालाको उद्येश्य अनुरुप चिरकाल सम्म निरन्तर सम्म चल्दै जाओस भन्ने हेतुले हाम्रो प्रथम पक्ष र द्वितिय पक्ष बीच पशुपतिक्षेत्र बिकाश कोष संचालक परिषदको मिति २०६०।२।९ को निर्णय अनुसार तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही" ..... भन्ने उल्लेख छ । उक्त सम्झौतामा ९ वटा शर्तहरु राखिएका छन । त्यसमा पनि प्रकरण नं. ५ मा निवेदकले बिपक्षी श्री पशुपतिनाथ अमालकोट कचहरीलाई प्रत्येक आर्थिक बर्षमा रु ५१,०००।- सहयोग स्वरुप उपलब्ध गराउदै जाने भन्ने उल्लेख छ । सम्झौता पत्र दुवै पक्षको स्वीकृतीमा मात्र रद्ध गर्न सकिने व्यवस्था प्रकरण नं. ९ मा रहेको पाईन्छ । उक्त सम्झौता बमोजिमको दायित्व दुवै पक्षले पुरा गरी आएकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परी निवेदक मोही हुन नसक्ने, सम्झौताको अवधि किटान गर्नु पर्ने र सहयोग रासी बृद्धि गर्ने निर्देशन दिने भन्ने मिति २०६५।१२।२० मा निर्णय

भएको थियो । उक्त निर्णय बिशेष अदालत काठमाण्डौको मिति २०६७।३।३१ को फैसलाले बदर गरेको र उक्त बिशेष अदालतको फैसलालाई सम्मानित सर्वोच्च अदालतले मिति २०६८।३।२७ मा सदर गरेको व्यहोरा अनुरोध छ ।

(७) निवेदक र बिपक्षी पशुपतिनाथ अमालकोट कचहरीका बीच मिति २०६०।२।१२ मा भएको सम्झौता एकतर्फी रुपमा बिपक्षी पशुपतिक्षेत्र बिकाश कोषले मिति २०८०।४।१७ मा रद्ध गरी पून: सम्झौता गर्न १५ दिन भित्र आउनु, नआएमा गौशाला धर्मशालाको व्यवस्थापन आफैले नियमानुसार संचालन गर्ने निर्णय भएको छ भन्ने व्यहोराको पत्र प्राप्त भएको थियो । त्यसपछि निवेदक बिपक्षी पशुपतिक्षेत्र बिकाश कोषको कार्यालयमा गएकोमा बिपक्षी कुनै पनि कुरामा सहमत हुन नसके पछि निवेदकले बिपक्षीहरुका बिरुद्ध सम्मानित काठमाण्डौ जिल्ला अदालतमा करार रद्ध गर्ने निर्णय बदर गरी यथावत पुनर्वाहाली गरी पाउँ (०८०-CP-०७२३) मुद्दाको फिराद पत्र दर्ता गरेका थियौ ।

(८) का.जि.अ. मा उक्त मुद्दाको पेशी तारेख मिति २०८१।६।१६ गते (घटस्थापनाको अघिल्लो दिन) तोकिएको थियो । मिति २०८१।६।१६ मा उक्त मुद्दा इजलाश नं. १ को दैनिक पेशी सूँचीमा चढेको थियो । उक्त दिन इजलाश नं. १ मा ४ वटा दैनिक पेशी सूँचीको लिस्ट प्रकाशित भएको थियो । हामी निवेदकहरुको मुद्दा चाहीं तेश्रो लिस्टको सि.नं. १ मा परेको थियो । मुद्दाको क्र.सं. र निवेदनको क्र.सं. जोड गर्दा हामीहरुको मुद्दा चाँहि २६ औं नम्वरमा पर्न गएको थियो । उक्त मुद्दा फैसला गर्न अंग पुगेको पनि थिएन । उक्त मुद्दामा वहस गर्न हामी बादीको तर्फबाट २ जना र प्रतिबादीहरुको तर्फबाट करीव १० जना कानून व्यवसायीहरु रहनु भएकोमा इजलाशमा दिनको ४:३० बजे देखि ४:४५ बजे सम्म अर्थात करीव १५ मिनेट सामान्य छलफल भएपछि, हाम्रा कानून व्यवसायीहरुले बहस गर्न शुरु गरेकोमा इजलाशले तपाईहरुले बहस गर्नु पर्दैन, मलाई सबै कुरा थाहा छ, मैले सबै कुराहरु बुझेको छु, म हेरि हाल्छु नि भन्नु भएछ । मुद्दा फैसला हुने अवस्थामा थिएन तर हतार हतारमा फैसला भएछ ।

(९) ततपश्चात, दशै बिदामा अदालत बन्द भएको मौका छोपी बिपक्षी काठमाण्डौ महानगरपालिकामा कार्यरत नगर सुरक्षा प्रहरीहरु मिति २०८१।६।२२ गते वेलुका करीव ५:२२ बजे गौशाला धर्मशालामा आएर माईकबाट अदालतबाट तपाईहरुले मुद्दा हारी सक्नु भयो । अव यसमा तपाईहरुको कुनै अधिकार छैन । यो गौशाला धर्मशाला हाम्रो अफिसले लिई सकेको छ । अव हामी चलाउँछौ, भोली बिहान १०:०० बजे सम्ममा यहा भएका सम्पूर्ण अफिस, सामान, संरचना, पसल, पसलका सामानहरु खाली गर, नगरेमा हामी हटाउछौ, जफत गर्छौ । यहाको भवन पनि खाली गर्छौ । हामीलाई कसैले बाधा बिरोध गरेमा त्यसको खुट्टा भाँच्ने छौ, पक्राउ गरि लानेछौ, थुन्ने छौ भनि धम्की दिई गौशाला धर्मशालाको प्रवेशद्वारमा काठमाण्डौ महानगरपालिकाद्वारा संचालित गौशाला धर्मशाला लेखिएको व्यानर टाँगी गेटमा ५ जना सुरक्षा गार्ड राखी फर्किए । त्यसपछि, मिति २०८१।६।२३ गते बिहान करीव ११:०० बजे बिपक्षी महानगरमा कार्यरत नगर प्रहरी राजु पाण्डेको नेतृत्वमा क. ३५/४० जना नगर प्रहरीहरु, ऐ वडा नं. ८ का वडा

अध्यक्ष [illegible]शामान संगत, कोषका कार्यकारी निर्देशक सुवाशराज जोशी र ऐ कोषका सदस्य राजु कुमार खत्री समेत आउनु भयो । तपाईहरुले दर्ता गरेको मुद्दा अदालतबाट हारी सक्नु भयो । मिति २०८१।६।२० मा गौशाला धर्मशाला पशुपतिक्षेत्र बिकाश कोष संचालक परिषदले व्यवस्थापन गर्न कोषलाई दिने निर्णय गरेको र कोषले काठमाण्डौ महानगरपालिकालाई दिने निर्णय गरी मिति २०८१।६।२२ मा सम्फौता समेत गरी सकेको छ । यो भवन, जमीन, संरचना अविलम्ब खाली गरि दिनुहोस, नगरेमा यहा भएका संरचना भत्काईने छ । गौशाला धर्मशालाका पसल धनीहरुलाई हटाईने छ, पसलका सामानहरु, गाई, नन्दी, डायलासिसका उपकरणहरु, अपाङ्गहरुलाई बितरण गरिने कृतिम खुट्टा, सेवा समितिको कार्यालय संचालनका सामानहरु जफत गरिने छ, यस कार्यमा बाधा व्यवधान गरेमा कडा कानूनी कार्वाही गरिने छ, भन्नु भए पछि हामीले मुद्दाको फैसला भएता पनि मुद्दा अन्तिम भएको छैन, पुनरावेदन गर्ने अधिकार हामीलाई छ भन्दा त्यो कुराको हामीलाई मतलब छैन, हामी हटाएरै छाडछौ भन्नु भयो । हाम्रो कुराको सुनुवाई भएन । त्यसपछि बिपक्षीहरुले पशुपति गौशाला धर्मशालामा प्रतिदिन आक्रमाण गरि रहेको कारण शेवा शुचारु हुन नसकी अस्त व्यस्त अवस्थामा छ । सो को ज्वलन्त प्रमाण दैनिक संचार माध्यम तथा सामाजिक संजालमा प्रकाशित सूचना र संलग्न फोटोहरुबाट पुष्टि हुन्छ । बिपक्षीहरुले गरेको भनिएको सम्फौता र अन्य बिषयहरुमा छुट्टै कानूनी उपचार खोजिने व्यहोरा पनि अनुरोध छ ।

(१०) निवेदकले परापूर्वकाल देखि गौशाला धर्मशाला संचालन गरी आएको कि.नं. ८३ र ८५ को जग्गा र उक्त जग्गामा निर्मित संरचनाबाट हटाउने बदनियतले निवेदक र बिपक्षीका बीच मुद्दा पर्दा पर्दै बिपक्षी पशुपतिक्षेत्र बिकाश कोष संचालक परिषदले मिति २०८१।६।२० मा गरेको निर्णय र बिपक्षी काठमाण्डौ महानगरपलिकाले मिति २०८१।६।२२ मा गरेको निर्णय तथा बिपक्षीहरुले सो संग सम्वन्धित भए गरेका अन्य सम्पूर्ण निर्णय, परिपत्र र काम कारवाही समेत बदर गर्ने प्रभावकारी कानूनी उपचारको बैकल्पिक व्यवस्था नभएको, भएमा पनि अपर्याप्त एवं प्रभावहिन हुने हुँदा सम्मानित अदालतको असाधारण अधिकारक्षेत्र अन्तरगत नेपालको संबिधानको धारा ४६ ले निर्दिष्ट गरे बमोजिम धारा १४४(१),(२) अनुसार बाध्य भई यो निवेदन पत्र दर्ता गर्न सम्मानित अदालत समक्ष उपस्थित भएका छौ ।

(क) बस्तुतः मारवाडी सेवा समिति नेपाल बादी भई पशुपतिक्षेत्र बिकाश कोषका बिरुद्ध शुरु काठमाण्डौ जिल्ला अदालतमा दर्ता गरेको करार रद्ध गर्ने निर्णय बदर गरी करार यथावत पुनर्वाहाली गरी पाउँ (०८०-CP-०७२३) को मुद्दा मिति २०८१।६।१६ मा बादी दावी नपुग्ने गरी फैसला भएको छ । कानूनतः अदालतबाट फैसलाको नक्कल सारी लिएपछि वा फैसला गर्ने अदालतले पुनरावेदनको म्याद तामेल गरेपछि मात्र निवेदकलाई फैसला भएको कुराको औपचारीक जानकारी भएको मानिन्छ । निवेदकलाई उक्त फैसलाको औपचारीक जानकारी भएपछि उक्त फैसला उपर न्याय प्रशासन ऐन २०७३ को दफा ८ को उपदफा (३) को खण्ड (क) बमोजिम सम्मानित अदालतमा पुनरावेदन पत्र दर्ता गर्न

Scanned with CamScanner

पाईने कानूनी व्यवस्था रहेको छ । त्यतिमात्र होईन, मुलुकी देवानी कार्यबिधि संहिता २०७४ को दफा २०५(१) को व्यवस्थाले पनि निवेदकलाई शुरु का.जि.अ. ले मिति २०८१।६।१६ मा गरेको फैसला उपर सम्मानित अदालतमा पुनरावेदन पत्र दर्ता गर्न पाउने हक सुनिश्चित गरेको पाईन्छ । यसप्रकार शुरु काठमाण्डौ जिल्ला अदालतले मिति २०८१।६।१६ मा गरेको फैसला अन्तिम भएको छैन । उक्त फैसलाको पूर्णपाठ समेत प्रकाशित भएको छैन । यस्तो अवस्थामा बिपक्षीहरुले हामी निवेदकहरुको पुनरावेदन गर्न पाउने कानून प्रदत्त हकबाट बन्चित गर्ने र निष्प्रयोजित गर्ने हेतुले गरेको उपरोक्त कार्य न्याय प्रशासन ऐन २०७३ को दफा ८(३)(क) तथा मुलुकी देवानी कार्यबिधि संहिता २०७३ को दफा २०५(१) को प्रतिकूल रहेको स्पष्ट छ ।

(ख) त्यसैगरी, श्री ३ बाट बक्स भएको जग्गा बि.सं. २०२१ सालमा सर्भे नापी हुँदा साविक पशुपति गा.प. वडा नं. २क को परिवर्तित का.न.पं. वड़ा नं. ८, कि.नं. ८३, क्षे.फ. ४-१५-२ (चार रोपनी पन्द्र आना दुई पैसा), ऐ कि.नं. ८५, क्षे.फ. ४-१०-० (चार रोपनी दस आना) जग्गाधनी महल खाली र दर्तावाला मोहीमा गौशाला रहेको छ । निवेदकले बिपक्षी पशुपति अमालकोट कचहरीलाई बाली बुझाई दायित्व निर्वाह गरी आएको अवस्थामा गौशाला धर्मशालाको संचालन र भोग चलन गर्नबाट हामीलाई हटाउन गरी भएका निर्णयहरु स्पष्टत: गैरकानूनी छन । उक्त निर्णयहरु गैरकानूनी भएको हुनाले उक्त निर्णयलाई टेकी बिपक्षीहरुले मिति २०८१।६।२२ मा गरेको सम्झौताले कानूनी मान्यता पाउन नसक्ने हुँदा सुन्य निश्क्रिय (Void Abinitio) हुन्छ । त्यस्तो कानूनको दृष्टिमा सुन्य निष्क्रिय हुने सम्झौताले हकको श्रष्टि र समाप्ति गर्न सक्दैन । कि.नं. ८३ र ८५ को जग्गामा निवेदकको मोहियानी हक रहे भएको पृष्ठभूमीमा मिति २०६०।२।१२ मा सम्झौता भएको हो । उक्त सम्झौताले निवेदकको मोहियानी हकमा कुनै अशर पुर्याएको छैन । बिपक्षीहरुले उक्त गौशाला धर्मशाला संचालन गर्नको लागि दिने संचालक परिषदको मिति २०८१।६।२० को निणय र बिपक्षी महानगरको मिति २०८१।६।२२ को निर्णय गैरकानूनी छन ।

(ग) त्यसैगरी, पशुपति गौशाला धर्मशालाको भवन मध्ये धेरै संरचना २०१९ साल भन्दा अगावै र त्यसपछि बि.सं. २०३८ र २०५५ सालमा निर्माण एवं जिर्णोदार भएको हो । पशुपतिक्षेत्र बिकाश ऐन २०४४ मिति २०४४।४।२९ देखि लागू भएको हो । सो भन्दा अगावै निर्माण भएका संरचनामा यस ऐनको प्रावधान आकर्षित हुन सक्दैन । हाल भईरहेको भवन संरचनामा निवेदकले पछिल्लो पटक बि.सं. २०५५ सालमा बिपक्षी कोष, पुरातत्व बिभाग र बिपक्षी काठमाण्डौ नगरपालिका समेतको अनुमति लिई निर्माण गरेको हो । सो बाहेक अन्य कुनै पनि स्थायी प्रकृतिको संरचना निर्माण नगरेको व्यहोरा अनुरोध छ । सम्मानित अदालतबाट स्थलगत निरिक्षण गरी अवलोकन गरेमा स्पष्ट हुने नै छ ।

(घ) यथार्थत: संस्था दर्ता ऐन २०३४ को दफा ४ बमोजिम जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा मारवाडी सेवा समिति नेपाल दर्ता भएको हो । ऐनको दफा ५ को व्यवस्थाले यो संस्था अभिच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था रहेको छ । यो संस्था



Scanned with CamScanner

बिघटन भएमा ऐनको दफा १४(१) को व्यवस्थाले संस्थाको सम्पत्ति नेपाल सरकारको हुने व्यवस्था छ । यो संस्थाको बिधानको धारा ५ मा यसको उद्येश्य बिशुद्ध सामाजिक संस्थाको रुपमा रही मानविय एवं जनहितका सेवा कार्यहरु गर्ने रहेको छ । नेपालको संविधानको धारा ५६(१) मा संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानिय तह गरी तीन तहको हुनेछ भन्ने व्यवस्था छ । संविधानको धारा ५६(२) मा नेपालको राज्य शक्तिको प्रयोग पनि तीनै तहले गर्ने व्यवस्था छ । धारा ५६(४) को व्यवस्थाले स्थानिय तह अन्तरगत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने व्यवस्था छ । संविधानको धारा ५७(४) मा स्थानिय तहको अधिकार अनुसूची ८ मा रहेको उल्लेख छ । त्यतिमात्र होईन, स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३, दफा ११(१) मा गाउँपालिका तथा नगरपालिकाको अधिकार संविधानको अनुसूची ८ मा उल्लेख भए बमोजिम हुनेछ भन्ने व्यवस्था छ । यस प्रकार बिपक्षी महानगरपालिकाको व्यवस्था नेपालको संविधानले गरेको छ भने निवेदकको व्यवस्था चाँहि नेपालको संविधान अन्तरगत बनेको संस्था दर्ता ऐन २०३४ ले गरेको हो, भने निवेदक र बिपक्षी महानगरपालिकाको उद्येश्य र अधिकार फरक फरक रहेका छन । निर्वाचन प्रकृया, आर्थिक श्रोत सबै फरक फरक छन । निवेदकले संचालन गरिरहेको गौशाला धर्मशाला बिपक्षी महानगरले संचालन गर्न सक्दैन । साथैं निवेदकले पशुपतिनाथलाई गाईको दुध चढाई आएकोमा सो कार्य बिपक्षी महानगरले गर्न सक्दैन । यसरी निवेदकले गर्ने कार्य बिपक्षी महानगरले गर्न सक्दैन, पाउदैन । संविधानको अनुसूची ८ मा भएको कुनै पनि अधिकारले बिपक्षी महानगरलाई गौशाला धर्मशाला संचालन गर्ने अधिकार दिएको छैन । साथै स्थानिय सरकार सरकार संचालन ऐन २०७४ को दफा ११ ले पनि बिपक्षीलाई गौशाला धर्मशाला जस्तो धार्मिक संस्था चलाउने अधिकार दिएको छैन । बिपक्षीहरुले सनातन देखि चलि आएको हाम्रो धर्मको अवलम्वन र अभ्यास गर्ने हकबाट बिस्थापित गर्न खोजेको स्पष्ट छ । तसर्थ बिपक्षीहरुले आफुलाई हुदै नभएको अधिकार प्रयोग गरेको, आफुलाई प्राप्त अधिकारको सिमा नाघेको, स्वयच्छाचारी वा पूर्वाग्रही (Bais) भई निर्णय गरेको हुनाले बिपक्षी महानगरको उपरोक्त निर्णयहरु एवं काम कारवाहीहरु मुलुकी देवानी संहिता २०७४ को दफा ७ को व्यवस्थाले सर्वथा: बदरभागी रहेको स्पष्ट छ ।

(ङ) त्यसैगरी, निवेदक र बिपक्षी पशुपतिनाथ अमालकोट कचहरीका बीच बिपक्षी पशुपतिक्षेत्र बिकाश कोषका कर्मचारीलाई साँक्षी राखी मिति २०६०।२।१२ मा भएको सम्झौताको बिषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुर परेकोमा अ.दु.अ.आ. ले नि.नं. ४५६, मिति २०६५।१२।३० मा निर्णय गरी अ.दु.अ.आ. ऐन २०४८ को दफा १२(ख) अनुसार दुष्कृति सच्याउन लगाउने निर्णय गरेकोमा उक्त निर्णय सम्मानित बिशेष अदालत काठमाण्डौबाट मिति २०६७।२।३१ मा बदर भएको र बिशेष अदालतको उक्त फैसलालाई सम्मानित सर्वोच्च अदालतले मिति २०६८।३।२७ मा सदर गरेको फैसला अन्तिम भएको अवस्था बिद्यमान छ । यस प्रकार उपरोक्त फैसलाले मिति २०६०।२।१२ मा भएको सम्झौतालाई बैद्य ठहर गरेको निर्बिवाद छ । सम्मानित बिशेष अदालत

Scanned with CamScanner

काठमाण्डौ र सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलाको बिपरित मिति २०६०।२।१२ को सम्झौताको प्रतिकूल हुने गरी बिपक्षीहरुले गरेका कार्यहरु गैरकानूनी भएकोले सर्वथा बदरभागी रहेको प्रष्ट छ । साथै बिपक्षीहरुले गरेका निर्णय एवं काम कारवाहीबाट सम्मानित अदालतबाट भएका फैसलाको अवज्ञा समेत हुन गएको प्रष्ट छ ।

(च) त्यसैगरी, कि.नं. ८३ र ८५ को जग्गामा भवन, टहरा, कम्पाउण्ड ईत्यादि निर्माण गर्दा सम्पूर्ण खर्च निवेदकले नै गरेको हो । गौशालामा पालेका गाई तथा नन्दीहरु पनि निवेदक कै खर्चमा खरिद गरी व्यवस्था गरीएको हो । स्वास्थ्य सम्वन्धि मेशिन, उपकरणहरु पनि निवेदक कै खर्चमा खरिद गरिएको हो । उक्त गौशाला धर्मशालामा निर्माण गरेको भवन, टहरा, स्वस्थ्य उपकरणहरु, गाई ईत्यादिको मुल्याङ्कन करीव १०० करोड रुपैया भन्दा बढी नै हुन आउछ । बिपक्षीहरुले निवेदकलाई पुनरावेदन गर्न समेत नदिने हेतूले हस्तक्षेप गर्न खोजेको र बिपक्षीहरु बीच सम्झौता गर्नु पूर्व निवेदकलाई कुनै जानकारी दिएको छैन । बिपक्षी पशुपतिक्षेत्र बिकाश कोष संचालक परिषदले निर्णय गर्नु पूर्व निवेदकलाई सुनुवाईको अवशर प्रदान गरेको छैन । साथै मिति २०८१।६।२२ गते बेलुका करीव ५:२२ देखि मिति २०८१।६।२३ गते बिहान १०:०० बजे सम्मको समय सिमालाई किन्चित पनि निवेदकलाई सुनुवाईको उचित र पर्याप्त अवशर दिएको मान्न मिल्दैन । तसर्थ कानूनी उपचार लिन नसकोस भन्ने दुराशयले बडा दशैं २०८१ को अवशरमा अदालत बिदा भएको मौका छोपी सुनुवाईको अवशर प्रदान नगरी सर्वमान्य प्राकृतिक न्यायको सिद्धान्त बिपरित गरेको निर्णय र सो निर्णयका आधारमा भए गरेका सम्झौताहरु समेत गैर कानूनी रहेकोले बदरभागी रहेको स्पष्ट छ ।

(छ) त्यसैगरी, मिति २०६०।२।१२ मा भएको सम्झौता पत्रको पृष्ठभूमी (भूमिका खण्ड) मा "बिभिन्न श्रद्धालु भक्तजनका सहयोगमा" ........... यो सम्झौता गरी एक/एक प्रति लियौं/दियौं" भन्ने व्यहोराको बिपक्षी पशुपतिनाथ अमालकोट कचहरी र बिपक्षी पशुपतिक्षेत्र बिकाश कोषले लिखित प्रतिबद्धता व्यक्त गरेको, बिपक्षी काठमाण्डौ महानगरपालिकाले च.नं. १९७, मिति २०५४।१०।२३ मा नक्सा शाखालाई स्वीकृति दिने बिषयमा लेखेको पत्रमा उल्लेखित व्यहोराले बिपक्षीहरु प्रमाण ऐन २०३१ को दफा ३४ को व्यवस्थाले बिवन्धित भएको प्रष्ट छ ।

(ज) त्यसैगरी, नेपालको संविधानको धारा १७(२)(घ) ले संघ संस्था खोल्ने स्वतन्त्रता र धारा १७(२)(ङ) ले नेपालको कुनै पनि भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता प्रदान गरेको छ । ऐ को धारा २०(८) ले प्रत्येक व्यक्तिलाई निज बिरुद्ध गरिएको कारवाहीको जानकारी पाउने हक सुनिश्चित गरेको छ । त्यसैगरी ऐ को धारा २०(९) ले प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक प्रत्याभुत गरेको पाईन्छ । ऐ को धारा २५ ले सम्पत्तिको हक प्रत्याभुत गरेको छ भने ऐ को धारा २६ ले धार्मिक स्वतन्त्रताको हक सुनिश्चित गरेको छ । निवेदकले झण्डै ९ दशक देखि मानविय तथा गौ माताको सेवा संचालन गरी आएको जग्गा, भवन,



Scanned with CamScanner

कम्पाउण्ड बिपक्षीले अनधिकृत रुपमा हस्तक्षेप गरेको कार्यबाट निवेदकको उपरोक्त मौलिक हक कुण्ठित हुन पुगेको स्पष्ट छ ।

(९) अतएव उपरोक्तानुसार, जग्गाधनी बिपक्षी पशुपतिनाथ अमालकोट कचहरी र मोही निवेदक पशुपति गौशाला धर्मशाला भएको साविक पशुपति गा.पं. वडा नं. २क को परिवर्तित का.न.पं. वडा नं. ८, कि.नं. ८३, क्षे.फ. ४-१५-२ (चार रोपनी पन्द्र आना दुई पैसा), ऐ कि.नं. ८५, क्षे.फ. ४-१०-० (चार रोपनी दस आना) जग्गाको सम्वन्धमा मिति २०६०।२।१२ मा भएको सम्झौता र उक्त जग्गामा निर्मित भवन, टहरा, कम्पाउण्ड लगायतका संरचना निर्माण गरी संचालन भई रहेको गौशाला धर्मशालाको व्यवस्थापन पशुपतिक्षेत्र बिकाश कोष व्यवस्थापनले आवस्यक्तानुसार सम्वन्धित सरकारी निकायसंग समन्वय गरी व्यवस्थापन गरी कोषलाई निर्देशन दिने व्यहोराको बिपक्षी पशुपति क्षेत्र बिकाश कोष संचालक परिषदले मिति २०८१।६।२० मा गरेको निर्णय, पशुतिक्षेत्र बिकाश कोषले गरेको निर्णय र सोही सम्वन्धमा बिपक्षी काठमाण्डौ महानगरपालिकाले मिति २०८१।६।२२ मा गरेको निर्णय र सोसंग सम्वन्धित अन्य निर्णय परिपत्र, काम कारवाही समेत उत्प्रेषणको आदेशले बदर गरी पाउँ । साथै उक्त का.जि.अ. बाट भएको भनिएको मिति २०८१।६।१६ को फैसला अन्तिम नभए सम्म उक्त कि.नं. ८३ र ८५ को जग्गामा गौशाला धर्मशालाले परापूर्वकाल देखि गरी आएको धार्मिक एवं शेवा मूलक कार्यहरु पूर्ववत रुपमा निवेदकलाई संचालन गर्न दिनु, कुनै किसिमको बाधा व्यवधान उत्पन्न नगर्नु नगराउनु, गौशाला धर्मशाला लगायतका संरचनाहरु नभत्काउनु भत्काउन नलगाउनु, निवेदक तथा संस्थाका पदाधिकारी, सदस्य तथा कर्मचारीहरुलाई धरपकड गर्ने, धाक धम्की दिने, कार्य नगर्नु, नगराउनु भन्ने बिपक्षीहरुको नाममा प्रतिषेध मिश्रित परमादेशको आदेश जारी गरी पाउँ ।

(१०) साथै शुरु का.जि.अ. बाट मिति २०८१।६।१६ मा भएको फैसलाको पूर्ण पाठ प्रकाशित हुन बाँकी रहेको, उक्त फैसला उपर पुनरावेदन पत्र दर्ता गर्ने कानूनी अधिकार निवेदकमा सुरक्षित नै रहेको तथा उक्त मुद्दा अन्तिम भई नसकेको अवस्थामा निवेदकले उल्लेखित कि.नं. ८३ र ८५ को जग्गा र उक्त जग्गामा निर्मित भवन टहरामा संचालन गरी रहेको गौशाला धर्मशालाबाट निवेदकलाई हटाउने, भवन टहरा भत्काउने र हामीलाई हटाउन सक्ने प्रवल सम्भावना देखिएको, हटाएमा निवेदकले संचालन गरि रहेको मानविय सेवा र गौशालालाई गम्भिर अशर पर्न जाने, निवेदकलाई अपुरणिय क्षति हुन जाने भएकोले बिपक्षीहरुले गरे भएका कुनै निर्णय सहमतिहरुको कार्यान्वियन नगर्नु नगराउनु, उक्त गौशाला धर्मशालाबाट निवेदकलाई नहटाउनु, हटाउन नलगाउनु साथै बिपक्षी महानगरपालिकाले धर्मशालाको गेटमा सुरक्षाकर्मी तैनाथ गरेको कारण डर, त्रास र भयको वातावरण सृजना भएको फलस्वरुप काम गर्ने कर्मचारी, कामदार, सेवाग्राही, तिर्थालु भक्तजनहरुलाई गम्भिर रुपमा नकारात्मक अशर परि रहेको र बिपक्षीले मूल गेटमा ब्यानर टाँगेको कारण जनमानसमा भ्रम सृजना भई बर्षौ देखि स्वास्थ्य उपचार गराई रहेका बिरामीहरु पनि उपचार गराउन आउन छोडेको, Hemo Dialysis जस्तो



Scanned with CamScanner

अति आवश्यकिय स्वास्थ्य सेवा प्रभावित हुन पुगेको हुंदा सुविधा र सन्तुलनको सिद्धान्त ( Doctrine of Balance of Convenince) को आधारमा निवेदकलाई पशुपति गौशाला धर्मशालाको संचालनको साथै मानविय सेवा, स्वास्थ्य सेवा, गाई पालन र संरक्षणबाट निवेदकलाई नहटाउनु, हटाउन नलगाउनु, गौशाला धर्मशाला भवन लगायत संरचना नभत्काउनु भत्काउन नलगाउनु, साथै बिपक्षी काठमाण्डौ महानगरपालिकाले गौशला धर्मशालाको गेटमा टाँगेको व्यानर र गेटमा तैनाथ गरेको सुरक्षा दस्ता अविलम्ब हटाउनु, हटाउन लगाउनु भन्ने उच्च अदालत नियमावली २०७३ को नियम ४२ बमोजिम बिपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरी पाउँ। एवं यस विषयमा अन्यत्र उजुर गरेको छैन।

१२. प्रस्तुत रिट निवेदन दर्ता गर्न हाल कानून व्यवसायी मुकरर गरेको छैन।

१३. <u>संलग्न:</u>

(क) बि.सं १९९८ सालको ताम्रपत्रको फोटोकपी थान -१

(ख) बि.सं १९९९ साल बैशाख २६ गते प्रकाशित गोरखापत्रको सूचनाको फोटोकपी थान -----------------------------------------------------१

(ग) फिल्ड बुकको फोटोकपी थान ----------------------------------------१

(घ) गुठी संस्थामा भएको ज.ध.प्र. पूर्जा को फोटोकपी थान ------------------१

(ङ) पशुपति अमालकोट जग्गाधनि भएको जग्गाको ज.ध.प्र. पूर्जाको फोटोकपी थान -----------------------------------------------------१

(च) मिति २०३८।११।२८ को बागमति अंचलाधिक कार्यालयको पत्रको फाटोकपी थान -----------------------------------------------------१

(छ) मिति २०५४।१०।२३ को मा.म.न.पा. को पत्रको फोटोकपी थान -----------.१

(ज) मिति २०५५।४।१४ को नक्सा पास प्रमाण पत्रको फोटोकपी थान ----------१

(झ) मिति २०६०।२।१२ को सम्झौता पत्रको फोटोकपी थान ------------------१

(ञ) मिति २०५७।९।१९ को पशुपतिक्षेत्र बिकाश कोषको पत्रको फोटोकपी थान -१

(ट) मिति २०६८।११।३ मा बाली बुझाएको रसिदको फोटोकपी थान ----------१

(ठ) बैक मार्फत बाली बुझाएको भौचरको फोटोकपी थान ------------------१

(ड) मिति २०६५।१२।३० को अ.दु.अ.आ. को निर्णयको फोटोकपी थान --------१

(ढ) मिति २०६७।२।३१ मा बिषेश अदालत काठमाण्डौले गरेको निणएयको फोटोकपी थान -----------------------------------------------------१

(ण) मिति २०६८।३।२७ मा सर्वोच्च अदालतले गरेको फैसलाको फोटोकपी थान -१

(त) मिति २०६८।४।१७ को पशुपति क्षेत्र बिकाश कोषको पत्रको फोटोकपी थान -१

(थ) मिति २०८१।६।१६ को काठमाण्डौ जिल्ला अदालतको १ नं. इजलाशको मुद्दाको दैनिक पेशि सूँचीको फोटोकपी थान -----------------------------------१

(द) का.म.न.पा. ले धर्मशालाको मूल गेटमा टाँगेको व्यानरको फोटो थान ------१

(ध) मिति २०८१।६।२० मा पशुपतिक्षेत्र बिकाश कोषले गरेको निर्णयको फेटोकपी थान -----------------------------------------------------१



Scanned with CamScanner

२२ मा पशुपतिक्षेत्र बिकाश कोष र का.म.न.पा. बीच भएको
टोकपी थान ---------------------------------------------१
२२ देखि बिपक्षीहरुले पशुपति गौशाला धर्मशालामा गरे गराएका
ारबाहीको फोटो थान ------------------------------------१
को फोटोकपी थान ---------------------------------------२
ग पत्रको फोटोकपी थान ----------------------------------१
लेखा परिक्षण प्रतिबेदनको फोटोकपी थान ---------------१
पत्रको फोटोकपी थान -------------------------------------१
को फोटोकपी थान ---------------------------------------१
ा धर्मशाला भवन, टहरी र भवन टहरा भित्र रहेका
ो थान ---------------------------------------------------१

ाँचो हो, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निबेदक

निज वा.सुजन बस्नेत -१

१ गते रोज ५ शुभम् ---------------------------------------।

Scanned with CamScanner